## बैठक नं. ३

मिति २०७६ साल भदौ ०६ गते महान्यायाधिवक्ताको कार्यालय, काठमाण्डौमा बसेको समन्वय समितिको बैठकले जिल्ला सरकारी वकील कार्यालय तहमा समन्वय समितिको स्थापना गरी अनुसन्धान, अभियोजन र प्रतिरक्षालाई सुदृढ र प्रभावकारी बनाउने प्रयोजनार्थ समन्वय समिति गठन भएकोमा उक्त समितिको बैठक २०७६ साल पौष ०१ गते मंगलबार जिल्ला सरकारी वकील कार्यालय जुम्लामा बसी देहाय बमोजिम निर्णय गरियो।
।

<u>उपस्थिती</u>

संयोजक, निमित्त जिल्ला न्यायाधिवक्ता श्री चन्द्र बहादुर खत्री,
जि.स.व.का. जुम्ला

सदस्य, नि. प्रमुख जिल्ला अधिकारी श्री देवेन्द्र प्रसाद श्रेष्ठ,
जिल्ला प्रशासन कार्यालय, जुम्ला

सदस्य, नि. डिभिजनल वन अधिकृत श्री दिनेशजंग खत्री,
डिभिजन वन कार्यालय जुम्ला

सदस्य, प्र. नि. श्री राजेन्द्रबहादुर चन्द, जिल्ला प्रहरी कार्यालय, जुम्ला

<u>आमन्त्रित</u>

डा. श्री देवेन्द्रमान पालिखे, फरेन्सिक विज्ञ,
कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान, जुम्ला

श्री मिन बहादुर रावल, कार्यालय प्रमुख, मालपोत कार्यालय जुम्ला

श्री चेतबहादुर रोकाया, प्रशासकिय अधिकृत,
कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान, जुम्ला

<u>प्रस्तावहरू</u>

१) नेपालका अनुसन्धानकर्ता प्रहरी र अभियोजनकर्ता सरकारी वकीलहरूको मितिः २०७६ पुस ४, ५ र ६ गते काठमाडौंमा हुने दोस्रो राष्ट्रिय सम्मेलनमा छलफल गर्नुपर्ने तथा घोषणापत्रमा समावेश गर्नुपर्ने विषयका सम्बन्धमा ।

**निर्णयहरूः**

१). बुँदा नं १ का सम्बन्धमा छलफल गर्दा नेपालका अनुसन्धानकर्ता प्रहरी र अभियोजनकर्ता सरकारी वकीलहरूको दोस्रो राष्ट्रिय सम्मेलनमा छलफल गर्नुपर्ने तथा घोषणापत्रमा समावेश गर्नुपर्ने निम्न विषयहरूमा सम्मेलन आयोजक समितिलाई सुझाव दिने निर्णय गरियोः

(१.१) मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १८४ मा रहेको अनुसन्धान अधिकारी समक्ष भएको बयान, कागज वा लिखतलाई श्रव्य दृश्यका साधनमा अभिलेख

गर्न सकिने सम्बन्धी व्यवस्था कार्यान्वयनमा नआएकाले यसको कार्यान्वयनका लागि अनुसन्धान गर्ने निकायलाई भौतिक र मानवीय साधन स्रोत सम्पन्न बनाएर कार्यान्वयन शुरू भएमा अदालतमा प्रतिकुल बकपत्र गर्ने कार्यको रोकथाममा मद्दत पुग्ने भएकाले जाहेरवाला, पिडित र घटनाका प्रत्यक्षदर्शी साक्षीहरूलाई दबाव र प्रभावमा पारी प्रतिकुल वकपत्र गर्ने कार्यबाट रोकी दण्डहिनता अन्त्यका लागि जाहेरवाला, पिडित र साक्षीलाई प्रतिकुल वकपत्र गर्न रोक्न र साक्षीको सुरक्षाका विषयमा सम्मेलनमा छलफल भई घोषणा पत्रमा सो कुरालाई समावेश गर्न उपर्युक्त हुने ।

(१.२) अपराध पीडितको हकको सुनिश्चतता, सामाजिक पुर्नस्थापना, सुरक्षा, क्षतिपुर्ती र सम्मानजनक व्यवहार दिलाउनमा सरकारी वकील र प्रहरीको समन्वय र भूमिकाको विषयमा सम्मेलनमा छलफल भई घोषणा पत्रमा त्यसलाई समेटनु पर्ने ।

(१.३) अपराध अनुसन्धान र अभियोजन गर्ने पद्दति र प्रकृयालाई समयानुकूल परिवर्तन गर्न अनुसन्धान गर्ने प्रत्येक युनिटमा कम्तिमा एक जना सूचना प्रविधि विज्ञ, फोटो र भिडियो खिच्ने विज्ञ, फरेन्सिक ज्ञान भएको अनुसन्धान अधिकृतहरू राख्नुपर्ने । अनुसन्धान अधिकृत र सहयोगी प्रहरी कर्मचारीहरूलाई नयाँ नयाँ अपराधका प्रवृत्तिहरू बारे क्षमता अभिवृद्धि गर्नुपर्ने । अपराध अनुसन्धानमा संलग्न प्रहरी कर्मचारीलाई अपराध अनुसन्धानकै कार्यमा संलग्न गराइराख्नुपर्ने । अनुसन्धान गर्ने प्रत्येक युनिटमा भौतिक सवुत संकलन गर्दा Elementary Screening Test उपलब्ध गराई Physical Evidence Collection कार्यलाई भरपर्दो र सबुतमुखी बनाउन आवश्यक देखिन्छ भने अनुसन्धान कार्यमा संलग्न प्रहरी कर्मचारीहरूलाई थप सेवा सुविधा उपलव्ध गराई निजहरूको मनोवल बढाउन सकेमा अनुसन्धानमा प्रभावकारीता ल्याउन सहयोग पुग्ने देखिदा यस विषयलाई सम्मेलनमा छलफल गरी घोषणा पत्रमा समावेश गर्नुपर्ने ।

(१.४) अभियोजन गर्ने सरकारी वकीलको समेत विषयगत क्षमता अभिवृद्धिसँगै अनुसन्धानलाई निर्देशित गर्न सक्ने क्षमता अभिवृद्धि गर्नुपर्ने । अनुसन्धानकर्ता र अभियोजनकर्तालाई पर्याप्त भौतिक साधनस्रोतको उपलब्धतासँगै व्यवसायिक क्षमता अभिवृद्धिसँगै उत्प्रेरित गर्नुपर्ने । अनुसन्धानकर्ता र अभियोजनकर्ताको स्वदेश र विदेशमा संयुक्त रूपमा विषयगत रूपमा अपराधको प्रभावकारी अनुसन्धान र अभियोजनका लागि विषयगत तालिमको व्यवस्था हुनुपर्ने । तालिमको प्रभावकारीता र क्षमता अभिवृद्धिका सम्बन्धमा तालिम पश्चात पृष्ठपोषणको व्यवस्था हुनुपर्ने । यस सम्बन्धी विषयलाई सम्मेलनको घोषणा पत्रमा समावेश गर्नुपर्ने ।

(१.५) मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १२ मा रहेको अनुसन्धान गर्न विशेष टोली गठन गर्न सकिने व्यवस्थालाई कार्यान्वयनमा ल्याउने विषयलाई सम्मेलनमा छलफल गरी घोषणापत्रमा समावेश गर्नुपर्ने र मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा २३ मा रहेको विशेषज्ञको राय लिन सकिने भन्ने वियषलाई

प्रभावकारी रूपमा कार्यान्वयन गर्न सो विषयलाई अनिवार्य गराउन सकिएमा मुद्दाको भौतिक सवुद संकलनमा सहयोग पुगी सरकार वादी मुद्दाको सफलतामा वृद्धि हुने देखिदा सो विषयलाई समेत घोषणा पत्रमा समावेश गर्नुपर्ने

(१.६) मुद्दाको अनुसन्धान कार्यलाई प्रभावकारी बनाउन अनुसन्धान अधिकृतले अनुसन्धानमा आवश्यक सम्पूर्ण काम र प्रकृया प्रभावकारी ढङ्गबाट अगाडी बढाउनुपर्ने र अभियोजन कर्ताले प्रभावकारी अभियोजन कार्य गर्नका लागि समन्वय र सहकार्यलाई बलियो बनाउने विषयलाई घोषणापत्रमा समावेश गर्नुपर्ने ।

(१.७) मुद्दाको अनुसन्धानको क्रममा स्याम्पल कलेक्सन गर्दा जिल्ला स्थित सरकारी स्वास्थ्य संस्थामा कार्यरत फरेन्सीक बिशेषज्ञ चिकित्सक द्वारा निश्चित मापदण्ड पुरा गरी संकलन गरि पठाइएका स्याम्पलहरूलाई बैधता प्रदान गर्न र फरेन्सिक प्रयोगशालाबाट प्राप्त हुने परीक्षण प्रतिवेदनहरूको बोधार्थ प्रति मुद्दा दायर भए पश्चात सम्वन्धित कार्यालयलाई पठाउने व्यवस्था हुदा सम्वन्धी चिकित्सकलाई सो कार्य गर्न पृष्ठपोषण प्राप्त भई आगामी दिनमा सम्वन्धित चिकित्कमा जिम्मेवारी बोध हुने देखिदा सो विषयलाई समेत घोषणापत्रमा समावेश गर्दा उपयुक्त हुने देखिन्छ ।

(१.८) सूचना प्रविधिको बढ्दो प्रयोग संगै बढ्दै गईरहेको साइवर क्राइम सम्वन्धी मुद्दा हेर्ने अधिकार देशभरीमा काठमाडौ जिल्ला अदालतमा मात्रै सिमित रहदा सो सम्वन्धी अपराधबाट पीडितहरू मुद्दाको सन्दर्भमा झन्झट हुने देखि न्यायको लागि अग्रसरनै नहुने अवस्था देखिएको हुदा सो विषय सम्वन्धी मुद्दा हेर्ने अधिकार सवै प्रदेश स्तरको कुनै एक अदालतलाइ प्रदान गर्न पहल गर्ने विषय घोषणापत्रमा समावेश गर्दा उपयुक्त हुने देखिन्छ ।

जिल्ला सरकारी वकील कार्यालय
जुम्ला